पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०२।२५ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१४

**निर्णय नं. १:** पैयूँ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०१/०७ मा बसेको कार्यपालिका बैठकको निर्णय सम्बन्धमा छलफल गर्दा सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको समीक्षा गरिन्छ।

**निर्णय नं. २:** पैयूँ गाउँपालिकाको आ.व. ०८२/०८३ का लागि नीति तथा कार्यक्रम र बजेट निर्माणका गर्न तपसिल बमोजिमको बजेट सिलिङ प्राप्त भएको हुदा सो उपर छलफल गर्न गाउँसभा सदस्यहरु सहितको छलफल कार्यक्रम मिति २०८२/०२/२८ गते गाउँपालिका सभाहलमा आयोजना गर्ने निर्णय गरियो।

तपसिल

| स्रोत | रकम |
|---|---|
| संघीय समानीकरण | ७९२००००० |
| संघीय राजश्व बाँडफाँड | ६३६८६१२७ |
| प्रदेश समानिकरण | ९७२४००० |
| प्रदेश राजश्व बाँडफाँड | ६३९२००० |
| आन्तरिक स्रोत | ६०००००० |
| जम्मा | १६५००२१२७ |

**निर्णय नं. ३:** पैयूँ गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८२/०२/१६ को निर्णय बमोजिम पेश हुन आएको राजश्वको दररेट र वार्षिक राजश्व प्रक्षेपण उपर आवश्यक छलफल गर्दा हाल कायम रहेका राजश्वका दर र दायरा भन्दा पेश भएका राजश्वका दर र दायरा विस्तारित, वैज्ञानिक र मापनयोग्य भएकाले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरिन्छ।

**निर्णय नं. ४:** आ.व. ०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम सञ्चालन (प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम) गर्न परियोजना सञ्चालन म्यानुअल,२०७७ को परिच्छेद ४ बमोजिम मिति २०८२/०२/१६ गते प्राविधिक समितिबाट पेश भएको लाभग्राही छनोटको निर्णय उपर छलफल गर्दा तपसिल बमोजिमको लाभग्राही कायम गर्ने निर्णय गरिन्छ।

तपसिल

| क्र.स. | समुह/संस्था/फर्मको नाम | सञ्चालन | ठेगाना |
|---|---|---|---|
| १ | श्री पैयूँ कृषक समुह | श्री खगेन्द्र प्रसाद भुर्तेल | वडा नं.५ भर्तेलथोक |
| २ | श्री सिद्धबाबा नमुना कृषि सहकारी संस्था लि. | श्री घनश्याम भुर्तेल | वडा नं.५ देउराली |
| ३ | श्री राना एकिकृत कृषि तथा पशुपंक्षी फर्म | श्री चन्द्र बहादुर राना | वडा नं.२ कुभिण्डे |
| ४ | श्री न्यू अम्बर कृषि तथा पशुपंक्षी फर्म | श्री अम्बर बहादुर रना | वडा नं.२ कुभिण्डे |
| ५ | श्री सुर्यवंशी कृषि पशुपंक्षी तथा फलफुल फर्म | श्री धन राना | वडा नं.२ कुभिण्डे |
| ६ | श्री जेसलिन राना एकिकृत पशुपंक्षी फलफुल तथा तरकारी फर्म | श्री टेकबहादुर राना | वडा नं.२ कुभिण्डे |
| ७ | श्री सारु एकिकृत कृषि पशुपंक्षी फर्म | श्री प्रेम थापा | वडा नं.२ कुभिण्डे |
| ८ | श्री रुकमिणी कृषि पशुपंक्षी तथा फलफुल फर्म | श्री रनबहादुर थापा | वडा नं.२ कुभिण्डे |
| ९ | श्री लाली गुँरास कृषि तथा पशुपंक्षी फर्म | श्री हुमलाल अधिकारी | वडा नं.२ अधिकारीडाँडा |
| १० | श्री गाउँबेशी कृषक समुह | श्री कृष्ण सापकोटा | वडा नं.२ अधिकारीडाँडा |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्याङ्जा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०२।२५ गते                                   आ.ब. २०८१/८२ बैठक क्र.सं.१४

<u>निर्णय नं. ५:</u> पैयूँ गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०२/०८ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने, मर्दिखोला र सेदीखोलाको दोभानमा मिति २०८२/०२/२७ गते देखि नियन्त्रित रुपमा मेसिनरी औजारको प्रयोग गरी नदिजन्य पदार्थको व्यवस्थापन गर्न सो स्थानमा थुप्रिएका ढुङ्गा, गिट्टी, वालुवा, गेगरान, दहत्तर बहत्तर आदि बस्तुहरु हटाई घाटगद्दी गर्ने र खोलाको दिशा परिवर्तन गर्ने कार्यका लागि लाग्ने रकम विपद् व्यवस्थापन कोष तथा मागमा आधारित शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने र उक्त कार्यका लागि प्रयोग हुने मेसिनरी औजारहरुको भाडा दर गाउँपालिकाबाट प्रकाशित दररेट माग गरिएको सूचना बमोजिम पेश हुन आएका दररेटलाई आधार मानि तपसिल बमोजिमको दररेट कायम गर्ने निर्णय गरियो।

| क्र.सं. | सवारी साधन | दररेट | कैफियत |
|---|---|---|---|
| १ | ट्रयाक्टर | ४००(बहाल कर बाहेक) | न्यूनतम दर |
| २ | मेसिन | ३००० (भ्याट बाहेक) | न्यूनतम दर |

<u>निर्णय नं. ६:</u> चालू आ.व. २०८१/०८२ मा यस गाउँपालिका क्षेत्र अन्तर्गत निर्माणाधीन योजनाहरु <u>सरौखोला हाडिखर्क ग्यामी भोर्ले सडक (प्रदेश समपुरक)</u> र <u>ठुलडाँडा, धरमपानी पैयूँकोट अधुरो पदमार्ग निर्माण, पैयूँ गा.पा.-४(शशर्त अनुदान)</u> को निर्माण कार्य वालिङ्ग - हुवास सडकको मुख्य खण्ड स्तरोन्नति गर्ने कामबाट सडक आवागमनमा हुने अवरोध तथा अन्य विभिन्न कारणले तोकिएको समयमा सम्पन्न गर्न नसकी ठेकेदार पक्षबाट निवेदन पेश हुन आएकोमा सार्वजनिक खरिद नियमावली नियम १२० (क) (चौधौं संशोधन) बमोजिम थप आर्थिक दाबि नगर्ने प्रतिबद्धता भएकोले सोही बमोजिम २०८२/०३/१५ गते सम्म उक्त योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७:</u> पैयूँ गाउँपालिका क्षेत्र भित्र आकस्मिक रुपमा आउने बाढी पहिरो लगायतका दैवी विपत्तिबाट हुन सक्ने क्षतिलाई कम गरी जनजीवनलाई जोगाई राख्न तत्काल राहात उपलब्ध गराउने उद्देश्यले तपसिल बमोजिमका रु.१,००,०००। (अक्षरेपि एक लाख मात्र) बराबरका सामाग्रीहरु आ.व.०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमको विपद् व्यवस्थापन शीर्षकबाट खरिद गर्ने निर्णय गरियो।

| क्र.सं. | सामानको नाम |
|---|---|
| 1 | Firefighting Extendable Rescue Ladder |
| 2 | Semi Static Rope |
| 3 | Flood Light (100Watt) |
| 4 | Mega Phone |
| 5 | Safety Helmet |
| 6 | Stretcher |
| 7 | Firefighting Gloves |

<u>निर्णय नं. ८:</u> NWASH कार्यक्रम अन्तर्गत सहजकर्ताको भूमिकामा रहेका कर्मचारी श्री गंगा बहादुर वि.क.लाई NWASH सम्बन्धी बाँकी कामका लागि २०८२ आसार १५ गते सम्म म्याद थप गरी निरन्तरता दिने निर्णय गरिन्छ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०२।२५ गते | आ.ब. २०८१/८२ बैठक क्र.सं.१४

**निर्णय नं. ९:** आ.व.०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको ५० प्रतिशत लागत साझेदारीमा टनेल वितरण कार्यक्रम कार्यान्वयन गर्न लाभग्राहीको सूचीमा छुट भएका कृषकहरुबाट आएको निवेदनलाई आधारमा मानि कृषि शाखाले गरेको अनुमन तथा छानबिनमा तपसिल अनुसारका कृषकहरु लाभग्राहीको सूचीमा थप गरी टनेल वितरण गर्न योग्य रहेको देखिएको हुदा निवेदक कृषकहरुलाई लाभग्रही कायम गरी टनेल वितरण गर्ने निर्णय गरिन्छ।

तपसिल

| क्र.स. | थप लाभग्राहीको नाम | ठेगाना | टनेल संख्या-वटा |
|---|---|---|---|
| १ | श्री रविन गुरुङ्ग | वडा नं.७ | १ |
| २ | श्री ज्ञानकुमारी राना | वडा नं.३ | १ |
| ३ | श्री ताराप्रसाद काफ्ले | वडा नं.३ | १ |
| ४ | श्री चोकलाल तिवारी | वडा नं.६ | ६ |

**निर्णय नं.१०:** राष्ट्रिय मगर दिवस २०८१ को अवसरमा विभिन्न कार्यक्रम आयोजना गरी सञ्चालनमा गरेको पैयूँखोला मगर संघलाई आ.व.०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमको आर्थिक सहायता शीर्षकबाट रु ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) भुक्तानी दिने निर्णय गरिन्छ।

**निर्णय नं.११:** महाशिवरात्री २०८१ को अवसरमा पैयूँ गाउँपालिका वडा नं. २ मा रहेको जनसेवी युवा क्लबले आयोजना गरेको खेलकुद प्रतियोगितामा कार्यक्रम सञ्चालन सहयोग स्वरुप आ.व.०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमको मागमा आधारित शीर्षकबाट रु.१,००,०००।-(अक्षरेपि एक लाख मात्र) भुक्तानी दिने निर्णय गरिन्छ।

**निर्णय नं.१२:** SAVE-IMS कार्यक्रमका लागि सबै वडाहरुमा तथ्याङ्क सङ्कन गरी पेस गर्न कृषि तथा पशु शाखा अन्तर्गतका कर्मचारीहरु खटाउने र उक्त कार्यकालागि खटिने कर्मचारीहरुलाई प्रति घरधुरी रु.१००।-(अक्षरेपि सय मात्र) अन्य भत्ता शीर्षकबाट प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउने निर्णय गरिन्छ।

**निर्णय नं.१३:** नेपाल सरकारद्वारा मृगौला रोग, क्यान्सर, स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जीविकोपार्जन भत्ता उपलब्ध गराउने कार्यविधि बमोजिम यस पैयू गाउँपालिका अन्तर्गत स्थायी बसोबास भएका तपसिलका बिरामीलाई आ.व. ०८१/०८२ का लागि लाभग्राही कायम गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | नामथर | ठेगाना | लाभग्राही कायम मिति |
|---|---|---|---|
| १ | श्री नरबहादुर राना | पैयूँ-६ | २०८२।०२।२५ |
| २ | श्री धनबहादुर गुरुङ्ग | पैयूँ-७ | २०८२।०२।२५ |
| ३ | श्री फुल कुमारी सार्की | पैयूँ-१ | २०८२।०२।२५ |

**निर्णय नं. १४:** गाउँ कार्यपालिकाको आगामी बैठक असार ३ गते बस्ने र उक्त बैठकबाट गाउँसभाको १६ औं अधिवेशनको मिति तय गर्ने निर्णय गरिन्छ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०२।२५ गते　　　　　　　　　　　　　　　　　　　आ.ब. २०८१/८२ बैठक क्र.सं.१४

<u>निर्णय नं. १५:</u> पैयूँ गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०२/०८ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने, मर्दिखोला र सेदीखोलाको दोभानमा मिति २०८२/०२/२७ गते देखि नियन्त्रित रुपमा मेसिनरी औजारको प्रयोग गरी नदिजन्य पदार्थको व्यवस्थापन गर्न सो स्थानमा थुप्रिएका ढुङ्गा, गिट्टी, वालुवा, गेगरान, दहत्तर बहत्तर आदि बस्तुहरु हटाई घाटगद्दी गर्ने र खोलाको दिशा परिवर्तन गर्ने कार्यका लागि लाग्ने रकम विपद् व्यवस्थापन कोष तथा मागमा आधारित शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने र उक्त कार्यका लागि प्रयोग हुने मेसिनरी औजारहरुको भाडा दर गाउँपालिकाबाट प्रकाशित दररेट माग गरिएको सूचना बमोजिम पेश हुन आएका दररेटलाई आधार मानि तपसिल बमोजिमको दररेट कायम गर्ने निर्णय गरियो।

| क्र.सं. | सवारी साधन | दररेट | कैफियत |
|---|---|---|---|
| १ | ट्रयाक्टर | ४००ः(बहाल कर बाहेक) | न्यूनतम दर |
| २ | मेसिन | ३००० (भ्याट बाहेक) | न्यूनतम दर |

निर्णय नं. १६ः पैयूँ गाउँपालिकाको क्षेत्र भित्र कुनै पनि स्थानमा जग्गा प्लटिङ वा खण्डीकरण गर्ने सम्भावना नभएको हुँदा सो सम्बन्धमा मापदण्ड बनाई कार्यन्वयन गर्न आबस्यक नपर्ने निर्णय गरियो ।

तोरण मल्ल ठकुरी

अध्यक्ष